नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८२/०२/१३

## चिकित्सा शिक्षा स्नातकोत्तर तहको इजिप्ट सरकारबाट प्राप्त छात्रवृत्तिमा अध्ययनका लागि उम्मेदवार छनौट गर्न अनलाइन आवेदन माग र भौतिक म्याचिङबाट उम्मेदवार छनौटसम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. १४५ मिति २०८२/०१/२६ गतेको प्राप्त पत्रानुसार इजिप्ट सरकारले नेपाली विद्यार्थीका लागि छात्रवृत्तिमा अध्ययन गर्न शैक्षिक वर्ष २०२५/२६ का लागि चिकित्सा शिक्षा स्नातकोत्तर तहमा देहायका शैक्षिक कार्यक्रमका लागि छात्रवृत्तिका सिटमा उम्मेदवार छनौट गरी पठाउन लेखी आएकोले उक्त सिटहरूमा योग्यता पूरा भएका इच्छुक नेपाली उम्मेदवारहरूलाई **मिति २०८२/०२/१३ गते बिहान १०:०० बजेदेखि २०८२/०२/१६ गते अपरान्ह ३:०० बजेभित्र** आफ्नो प्रोफाइलमार्फत् देहायअनुसार प्रक्रिया अपनाई अनलाइन आवेदन दिनु हुन र **मिति २०८२/०२/१७** गते शनिबार देहायको कार्यतालिका बमोजिम उम्मेदवार स्वयंमको **भौतिक उपस्थितिमा (Open House)** म्याचिङ गरी उम्मेदवार छनौट गरिने भएकोले उक्त म्याचिङमा सहभागी हुन यो सूचना प्रकाशन गरिएको छ ।

(क) स्नातकोत्तर तहमा प्राप्त सिट र समूहगत विभाजन

| क्र.सं. | कार्यक्रम | सिट | समूह |
|---|---|---|---|
| 1 | Radiology | **1** | Open |
| 2 | Internal Medicine | **1** | Open |

(ख) भौतिक म्याचिङको कार्यतालिका

- मिति :- २०८२/०२/१७ गते शनिबार
- रजिष्ट्रेशन समय :- बिहान १०:०० बजेदेखि बिहान ११:०० बजेसम्म (दुवै कार्यक्रमको)
- म्याचिङ सेसन सुरू :- ११:१५ बजेदेखि (दुवै कार्यक्रमको)

**(ग) भौतिक म्याचिङमा सहभागी हुने उम्मेदवारहरूले अनिवार्य रूपमा साथमा लिई आउनुपर्ने कागजातहरू**

१. एकीकृत प्रवेश परीक्षाको प्रवेशपत्र र स्कोरकार्ड,
२. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र,
३. एकीकृत प्रवेश परीक्षामा आवेदन भर्दा पेश गरेको शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, (समकक्षता आवश्यक पर्नेको हकमा समकक्षताको प्रमाणपत्र समेत)
४. काउन्सिल दर्ताको सक्कल प्रमाणपत्र,

(घ) भौतिक म्याचिङका लागि योग्य उम्मेदवारहरू

१. चिकित्सा शिक्षा स्नातकोत्तर तहको MD/MS (With Experience) शैक्षिक कार्यक्रमको पछिल्लो एकीकृत प्रवेश परीक्षा (MECEE-PG 2025) को नतिजाको योग्यतासूचीमा रहेको,

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

२. वैदेशिक अध्ययन अनुमतिपत्र नलिएको,

३. वैदेशिक छात्रवृत्तिमा मनोनयन नभएको,

४. कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना नभएको,

**(ङ) उम्मेदवार छनौटको प्रक्रिया**

१. तोकिएको समयभित्र स्वयम् उपस्थित भई रजिष्ट्रेशन गरी म्याचिङ हलमा प्रवेश गर्ने उम्मेदवारहरूको योग्यताक्रमका आधारमा म्याचिङ गरी उम्मेदवार छनौट गरिनेछ ।

२. छात्रवृत्तिका लागि चिकित्सा शिक्षा आयोगबाट सिफारिस मात्र हुने हो । सिफारिस भएपछि मन्त्रालयहरू र इजिप्ट सरकारले निर्धारण गरेका आवश्यक सम्पूर्ण प्रक्रियाहरू र इजिप्ट सरकारको छात्रवृत्ति छनौटसम्बन्धी मापदण्डहरू उम्मेदवार स्वयंले पूरा गर्नुपर्ने छ। अतः सूचनामा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र परराष्ट्र मन्त्रालयको पत्रका साथै सो सँगै रहेका छात्रवृत्तिसम्बन्धी व्यवस्थाहरु तोकिएको समयभित्र उम्मेदवार स्वयंले पुरा गर्नुपर्ने भएकाले सूचनामा उल्लेखित व्यवस्थाहरू पूर्णरुपमा अध्ययन गरी समयमै आवश्यक कागजात तथा प्रक्रियाहरू पूरा गरी आवेदन गर्नुपर्नेछ ।

३. छात्रवृत्तिमा छनौट भएपश्चात् आवश्यक प्रक्रिया पुरा नगरी सिट रिक्त रहने अवस्था सिर्जना हुन गएमा उम्मेदवारलाई प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।

**(च) देहायको क्युआर कोड (QR code) प्रयोग गरेर आवेदन गर्न सकिनेछ ।**

मञ्जु अधिकारी
उपसचिव